मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ माघ १६ गते शुक्रबार ❑ 30 Jan. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## गण्डकी प्रदेश प्रमुख भट्टसमक्ष थारू आयोगको प्रतिवेदन पेस

**पोखरापत्र संवाददाता**
पोखरा, १५ माघ



थारू आयोग, नेपालले गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्टसमक्ष वार्षिक प्रतिवेदन पेस गरेको छ।

एक कार्यक्रमकाबीच बिहीबार आयोगका सदस्य शान्ति मोदीले नेपालको संविधानको धारा २९४ को उपधारा (३) अनुसार आयोगले आर्थिक वर्ष २०८१/८२ मा सम्पादन गरेको काम कारबाही समेटेर तयार गरिएको सातौँ वार्षिक प्रतिवेदन प्रदेश प्रमुखसमक्ष पेस गर्नुभएको हो। प्रतिवेदन बुझ्दै प्रदेश प्रमुख भट्टले विभिन्न समुदायको हित तथा प्रवर्द्धनका सन्दर्भमा आयोग गठन गरी काम गर्नु राज्यको पहलकदमी सकारात्मक रहेको बताउनुभयो। आगामी दिनमा आयोगमार्फत थारु समुदायको उत्थानका लागि काम गर्न आफ्नो पहलकदमी हुने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो।

संविधानले दिएको अधिकार उपयोग गर्न आग्रह गर्दै आयोगले काममा सक्रियता बढाउन आग्रह गर्दै उहाँले थारु जनप्रतिनिधि तथा सांसदले आफ्नो हकअधिकारका सवालमा आवाज उठाउनुपर्ने सुझाव व्यक्त गर्नुभयो। आयोगका सदस्य मोदीले प्रतिवेदनमा थारु समुदायका समस्या, उत्थानका क्षेत्रमा देखिएका चुनौती, सम्पादन गरेका काम कारबाहीलगायत विषय समावेश गरिएको जानकारी गराउनुभयो।

उहाँले मुलुकमा विभिन्न पहिचान बोकेका समुदाय रहेको र ती समुदायको प्रवर्द्धनका लागि राज्य अझै जिम्मेवार हुनुपर्ने बताउँदै पर्याप्त बजेट छुट्याउनुपर्ने माग गर्नुभयो।

## कास्कीमा निर्वाचन प्रहरीको तालिम आइतबारदेखि

**पोखरापत्र संवाददाता**
पोखरा, १५ माघ

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको सुरक्षामा खटिने निर्वाचन प्रहरीको तालिम आइतबारदेखि सुरु हुने भएको छ।

जिल्लामा खटिने दुई हजार ३०३ निर्वाचन प्रहरीको छनोट भइसकेको र आइतबार नियुक्ति दिएर तालिममा सहभागी गराइने सहायक प्रमुख जिल्ला अधिकारी एवं निर्वाचन प्रहरी भर्ना छनोट तथा नियुक्ति समितिका सदस्यसचिव चित्राङ्गत बरालले जानकारी दिनुभयो।

उहाँका अनुसार कास्कीमा वैकल्पिक सूचीमा रहेका निर्वाचन प्रहरीलाई स्याङ्जामा खटाउने तयारी भइरेहको छ। सुरुमा दरखास्त कम परेपछि दुईपटकसम्म म्याद थप गरेर निर्वाचन प्रहरीको छनोट गरिएको छ। निर्वाचन प्रहरीमा नियुक्ति तथा तालिमका लागि जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बल, नेपाल नं २४ कालिका गणमा सम्पर्क राख्न सम्बन्धित उम्मेदवारहरूलाई सूचित गरिएको छ। निर्वाचन प्रहरी भर्नामा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलबाट सेवानिवृत्त पूर्वसुरक्षाकर्मी, पूर्ववनरक्षक, यसअघि सम्पन्न भएका विभिन्न निर्वाचनमा म्यादी प्रहरीका रूपमा सन्तोषजनक काम गरेका व्यक्ति र विदेशी मित्र राष्ट्रका सुरक्षा निकायमा काम गरी सेवानिवृत्त भएका नेपाली नागरिकलाई प्राथमिकता दिइएको समितिले जनाएको छ। अठार वर्ष पूरा भई ५४ वर्ष ननाघेको साधारण लेखपढ गर्न जान्ने व्यक्तिले निर्वाचन प्रहरीका लागि योग्य हुने व्यवस्था छ। छनोटमा परेका निर्वाचन प्रहरीलाई १० दिनसम्म तालिम दिइने समितिका सदस्यसचिव बरालले बताउनुभयो। निर्वाचन प्रहरीको कार्यअवधि ४० दिन तोकिएको छ। निर्वाचन प्रहरीले ४० दिनको रु ३४ हजार ७७६, खाद्यान्न र पोसाकबापतको रकम, तयारी खर्च रु ८४६ र चार दिनको खाजा खर्च रु एक हजार २०० उपलब्ध गराइने भएको छ। प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको उक्त समितिले निर्वाचन प्रहरी नियुक्त गर्नेछ। प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि कास्कीमा निर्वाचन प्रहरीबाहेक तीनवटै सुरक्षा निकायका झन्डै दुई हजार सुरक्षाकर्मी परिचालित हुने जनाइएको छ। विभिन्न दल र स्वतन्त्र गरी ४९ जना उम्मेदवार चुनावी मैदानमा छन्।

## भारतीय सवारीसाधनको प्रभावकारी व्यवस्थापन तथा अनुगमनका लागि आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, १५ माघ



पोखरा सहित हिमाल पारीका जिल्ला मनाङ मुस्ताङ लगायत पर्यटकीय गन्तव्यमा बिना रुट परमिट जाने भारतीय निजी तथा सार्वजनिक यातायातका साधनको प्रभावकारी अनुगमनका लागि पर्यटक यातायात व्यवसायी संघ(एनटिभिए) गण्डकी प्रदेशले आग्रह गरेको छ।

भारतीय पहेलो नम्बर प्लेट भएका सार्वजनिक सवारी साधनसँगै सेतो नम्वर प्लेट भएका निजी सवारी साधनहरू पोखरा सहित आसपासका पर्यटकीय गन्तव्यमा बिना रुट परमिट सिधै गन्तव्यमा पुग्दा दुर्घटना लगायतका समस्यासँगै स्थानीय पर्यटन तथा यातायात व्यवसायी पनि प्रभावित भएको भन्दै संघले सम्बद्ध निकायको ध्यानाकर्षण गराएको हो।

नेपालका सिमा नजिकका शहरहरूबाट आउने भाडाका विदेशी सवारी साधनहरूले भारतबाटै यात्रु बोकेर पोखरा, मुस्ताङ, मुक्तिनाथ, मनाङ पुग्दा हाई अल्टिच्युडको कारणले विभिन्न स्वास्थ्य समस्या आउनुका साथै विदेशी सवारी चालकलाई भौगोलिक अवस्थाको समेत जानकारी नहुँदा दुर्घटना बढेको संघले जनाएको छ। यस्तो अवस्थाको अन्त्यका लागि विदेशबाट आएका सवारी साधनलाई पोखरामा पार्किङ गरी यहाँका स्थानीय सवारी साधन लिएर मात्रै ती गन्तव्यहरूमा जाने व्यवस्था मिलाउनका लागि सहजीकरण गर्न संघबाट यही माघ १२ गते जिल्ला प्रशासन कार्यालय कास्कीमा औपचारिक रूपमा ध्यानाकर्षण पत्र बुझाइएको अध्यक्ष दुर्गादत्त दहालले बताउनुभयो। उहाँका अनुसार संघको ध्यानाकर्षणसँगै जिल्ला प्रशासन कार्यालय कास्कीले विदेशी सवारी साधनको चेकजाँच तथा नियमनका लागि जिल्ला प्रहरी कार्यालय कास्की र यातायात व्यवस्था कार्यालय सवारी, कास्कीलाई पत्राचार गरी प्रभावकारी अनुगमन गर्न निर्देशन समेत दिइसकेको छ।

प्रशासनको उक्त निर्देशनले यहाँका स्थानीय व्यवसायीलाई ठूलो राहत मिल्ने बताउँदै उहाँले यसको प्रभावकारी कार्यान्वयन हुने विश्वास व्यक्त गर्नुभयो। भारतीय सवारीसाधनहरू बिना रुट परमिट तथा भन्सार सिधै हिमाली गन्तव्यहरूमा पुग्ने गरेको पाइएसँगै संघले संस्थागत रुपमा यही माघ ८ गतेदेखि ११ गतेसम्म पोखरा-१ याम्दीमा गरिएको अनुगमनमा थुप्रै भारतीय सवारीसाधन बिना रुट परमिट र भन्सार हिड्ने गरेको पाइएको उहाँले बताउनुभयो। भारतमा करिब २० लाख रुपैयाँ पर्ने सवारी साधन नेपालमा ७०/८० लाख रुपैयाँसम्म खर्च गरेर चलाउनुपर्ने अवस्थामा भारतीय निजी तथा सार्वजनिक सवारी साधनले बिना रुट परमिट सिधै पर्यटकीय गन्तव्यहरूमा पुग्दा यहाँका स्थानीय पर्यटक यातायात व्यवसायीहरू मर्कामा समेत परिरहेको उहाँको भनाइ छ। सिमा वरपर बस्ने नेपाली र पारी बस्ने भारतीय मिलेर नेपालतिर भारतीय सवारीसाधन ल्याएर यातायात व्यवसाय गरिदिँदा समस्या परेको बताउने पर्यटन व्यवसायीहरू नेपाल सरकारको नियमानुसार पनि एउटा गाडी सामान्यतः तीन महिना भन्दा बढी नेपालमा आउन नपाउने भएपनि त्यसको अभिलेख नहुँदा पनि समस्या परेको बताउँछन्। भारतीय सवारी साधनबाट आएका पर्यटकहरू तिनै सवारीसाधनबाट सिधै मनाङ, मुस्ताङ लगायतका गन्तव्यमा पुग्दा स्वास्थ्य जोखिमी समेत बढेको संघका पूर्व अध्यक्ष बोबरजंग गुरुङ बताउनुहुन्छ। "नेपालका सिमा नजिकका शहर हरूबाट आउने सवारी साधन सिधा जोमसोम, मुक्तिनाथ तथा मनाङ गई हाई अल्टिच्युडको कारणले पर्यटकलाई विभिन्न स्वास्थ्यमा समस्या आउने गरेको छ", उहाँले भन्नुभयो, "विदेशी सवारी चालक यहाँको ग्रामिण सडक र भौगोलिक अवस्था जानकारी नहुँदा पनि विभिन्न समस्या तथा दुर्घटनाहरू समेत बढेको छ।" विदेशी सवारी साधनहरुलाई पोखरासम्म आई यहीं पार्किङ्ग गरी मुस्ताङ र मनाङ जस्ता गन्तव्यमा यहीँका स्थानीय सार्वजनिक तथा पर्यटक सवारीसाधनको प्रयोग गराउन सकिएमा त्यसबाट दुर्घटनाजन्य समस्याको न्युनीकरणसँगै यहाँका पर्यटन व्यवसायीलाई समेत फाइदा पुग्ने उहाँको भनाइ छ। बेलुका भन्सारको टिकट काटेर रातारात दुई तीन सय मिटर उचाइका युपि विहार लगायतका स्थानबाट प्याकेज नै बनाएर चार हजार दुई सय मिटरसम्मको उचाइको मुक्तिनाथ जस्ता गन्तव्यमा सिधै पुग्ने क्रमले यहाँको व्यवसायमा असर पर्नुका साथै त्यसले विभिन्न किसिमका दुर्घटना समेत निम्त्याउने गरेको हुँदा यसतर्फ चासो दिदै तत्कालै उचित व्यवस्थापन गर्नु जरुरी रहेको व्यवसायीको तर्क छ।

## गुणस्तरीय, समावेशी र व्यवहारिक शिक्षामै गण्डकी प्रदेशको भविष्य निर्भर छ : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
पोखरा, १५ माघ




गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले गुणस्तरीय, समावेशी र व्यवहारिक शिक्षामै गण्डकी प्रदेशको भविष्य निर्भर रहेको बताएका छन्।

मन्त्रालय अन्तर्गत शिक्षा विकास महाशाखाद्वारा आयोजित प्रदेशस्तरीय शिक्षक तथा विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम उनले यस्तो बताएका हुन्। मन्त्री थापाले शिक्षा नै समृद्ध समाज निर्माणको मूल आधार भएको उल्लेख गरे। उनले गण्डकी प्रदेश

बाँकी अन्तिम पृष्ठमा ▶▶

### स्तन क्यान्सरका लक्षण

- स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,
- स्तनको छालामा निको नहुने घाउ आउनु,
- स्तनको आकारमा परिवर्तन हुनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो खस्रो हुनु,
- स्तनको मुन्टो भित्र जानु,
- स्तनको मुन्टोबाट रगत वा पिप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु,

यस्ता कुनै पनि लक्षण देखिए चिकित्सकसँग तुरुन्तै परामर्श गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# शनिबारदेखि पोखरामा यू-१९ महिला साफ च्याम्पियनसिप फुटबल हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १५ माघ

पोखरामा १९ वर्ष मुनिका खेलाडीहरु सभागि (यू-१९) महिला साफ च्याम्पियनसिप फुटबल प्रतियोगिता शनिबार देखि सुरु हुने भएको छ।

यही माघ २४ गतेसम्म पोखरा रंगशालाको फुटबल मैदानमा हुने प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको अखिल नेपाल फुटबल संघ (एन्फा) ले बिहीबार पोखरामा आयोजित पत्रकार सम्मेलनबाट जानकारी गराएको हो। दक्षिण एसियाली फुटबल महासंघ (साफ) को समन्वय तथा एन्फाको आयोजनामा हुने यस प्रतियोगितामा नेपाल सहित भारत, बंगलादेश र भुटान गरी चार देशका यू-१९ महिला टोलीको सहभागिता हुने भएको एन्फाका प्रवक्ता सुरेश शाहले बताउनु भयो। श्रीलंका, पाकिस्तान र माल्दिभ्स भने यस संस्करणमा सहभागी नहुने उनले जनाए।

एन्फाका प्रमुख कार्यकारी अधिकृत (सिईओ) रत्नकुमार श्रेष्ठ ले प्रतियोगिताका लागि आवश्यक सम्पूर्ण तयारी पूरा भएको बताउनुभयो।प्रतियोगिताको पूर्वसन्ध्यामा शुक्रबार फेरी चारवटै देशका टोलीका प्रशिक्षक र कप्तानको सहभागितामा पोखरामा अन्तिम पत्रकार सम्मेलन समेत आयोजना गरी प्रतियोगितामा सहभागि हुने टिमको बारेमा जानकारी गराइने भएको उहाँले जनाउनु भयो।

प्रशिक्षणका लागि पोखरा महानगरपालिका-१९, लामाचौरस्थित गोस्तेघाट खेल मैदान प्रयोगमा ल्याइएको जिल्ला खेलकुद विकास समिति कास्कीका अध्यक्ष मिलन गुरुङले बताउनु भयो। खेलाडी चेन्जिङ रुम, प्लेयर बक्स, ड्रेसिङ रुम लगायत आवश्यक भौतिक पूर्वाधार तयार पारिएको छ। कास्की जिल्ला फुटबल संघ, पोखरा महानगरपालिका खेलकुद विकास समिति र प्रदेश फुटबल संघ को सहकार्यमा मैदान मर्मत तथा पूर्वाधार निर्माण गरिएको अध्यक्ष गुरुङले बताउनु भयो। प्रतियोगिता सम्पन्न गर्न करिब २ करोड ४५ लाख १५ हजार २९० रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ। यस अवसरमा साफका महासचिव पुरुषोत्तम कट्टेल ले आगामी दुई वर्षभित्र पोखरामै साफ फुटसल च्याम्पियनसिप आयोजना गर्ने योजना रहेको उद्घोष गर्नुभयो। आवश्यक पूर्वाधार तयार भएको खण्डमा पोखरामा थप अन्तर ष्ट्रिय प्रतियोगिता आयोजना गर्न सकिने उहाँले दाबी गर्नुभयो।

माघ १७ देखि २४ गतेसम्म सञ्चालन हुने यस प्रतियोगितामा राउन्ड रोबिन लिग प्रणाली लागू हुनेछ। प्रत्येक टोलीले अन्य टोलीसँग एक-एक खेल खेल्नेछन्। लिग चरणपछि शीर्ष दुई टोलीबीच माघ २४ गते फाइनल खेल हुने भएको छ। प्रतियोगिताको उद्घाटन खेल माघ १७ गते बंगलादेश र भुटानबीच दिउँसो १२ बजे हुनेछ सोही दिन आयोजक नेपालले भारतसँग दिउँसो ३ बजे प्रतिस्पर्धा गर्नेछ लिग चरणका खेलहरू माघ १९ र २१ गते सञ्चालन हुनेछन्, जहाँ प्रत्येक दिन दुई-दुई खेल हुनेछन्।

यस प्रतियोगिता पोखरामा आयोजना हुन लागेको सन् २०१९ को १३औँ दक्षिण एसियाली खेलकुद (साग) पछिको पहिलो अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता हो। १३औँ सागमा पहिलो पटक महिला फुटबल पोखरा रंगशालामै आयोजना गरिएको थियो। घरेलु मैदानमा प्रतिस्पर्धा गर्न लागेको नेपाली यू-१९ महिला टोलीलाई समर्थन गर्न पोखरासहित देशभरका फुटबलप्रेमी दर्शकको उल्लेखनीय उपस्थिति रहने अपेक्षा गरिएको जिल्ला खेलकुद विकास समितिका अध्यक्ष मिलन गुरुङ ले बताउनुभयो। यसै अवसरमा एन्फाका सिईओ इन्द्रमान तुलाधर ले पोखरालाई अन्तर्राष्ट्रिय फुटबलको 'हब' बनाउने लक्ष्यसहित एन्फा अघि बढिरहेको उल्लेख गर्नुभयो। दर्शकहरूको सहजताका लागि सामान्य प्यारापिटतर्फ २०० रुपैयाँ र भीआईपीतर्फ ५०० रुपैयाँ का टिकटको व्यवस्था गरिएको आयोजकले जनाएको छ।

# स्याङ्जाका ५६ मतदानस्थल अति संवेदनशील

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १५ माघ

स्याङ्जाका ५६ मतदानस्थल अति संवेदनशील छन्। जिल्ला सुरक्षा समितिको बैठकले सुरक्षाको दृष्टिलाई मध्यनजर गर्दै आगामी फागुन २१ गते हुन लागिरहेको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जिल्लाका ५६ मतदानस्थललाई अति संवेदनशीलको सूचीमा राखेको हो।

सुरक्षाका दृष्टिले जिल्लाका मतदानस्थललाई तीन भागमा वर्गीकरण गरेर सूची निर्धारण गरेर केन्द्रमा सिफारिस गरिएको जिल्ला सुरक्षा समितिका अध्यक्ष एवम् प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्यालले राससलाई जानकारी दिनुभयो। स्याङ्जाका एकसय ९९ मतदानस्थलमध्ये सामान्य ७२ वटा, संवेदनशील ७१ वटा र अति संवेदनशील ५६ वटा रहेका छन्। "सडक तथा यातायातको पहुँच, सुरक्षा अवस्था, भौगोलिक अवस्था, सूचना तथा सञ्चारको पहुँच, विगतको निर्वाचनमा भएका गतिविधिलाई आधार मानेर मतदानस्थलको बैठकबाट सूची तयार भएको हो" उहाँले भन्नुभयो, "मतदानस्थलको संवेदनशीलताका आधारमा सुरक्षा योजना बनाइने छ।"

निर्वाचनलाई स्वच्छ, मर्यादित र भयरहित वातावरणमा सम्पन्न गर्नका लागि जिल्लाका दुई वटै क्षेत्रका विभिन्न राजनीतिक दल, सम्बद्ध उम्मेदवार तथा स्वतन्त्र उम्मेदवारले प्रतिबद्धता जनाएका उहाँले बताउनुभयो। मतदानस्थलको संवेदनशीलताका आधारमा आवश्यक सुरक्षा योजना बनाउनका लागि जिल्ला सुरक्षा समिति, निर्वाचन अधिकृतको समितिसहित निर्वाचन अधिकृतको संयुक्त टोलीले जिल्लाका मतदानस्थलको स्थलगत अध्ययन तथा अवलोकन गरिरहेको छ।

दुई निर्वाचन क्षेत्र रहेको स्याङ्जामा एकसय ९९ मतदानस्थल रहेका छन्। जिल्लामा तीन सय २२ मतदान केन्द्र रहेका छन्। गत निर्वाचनमा एकसय ९९ मतदानस्थल रहेको थियो, भने मतदान केन्द्र तीनसय २० कायम रहेकोमा यसपटक दुई मतदान केन्द्र थप भएका जिल्ला निर्वाचन कार्यालय.स्याङ्जाका प्रमुख श्रीराम थापाले जानकारी दिनुभयो। विसं २०८२ फागुन २० गतेसम्म १८ वर्ष उमेर पूरा भई दुई लाख ४८ हजार ८९६ जनाले आगामी प्रतिनिधिसभा निर्वाचनमा मतदान गर्न पाउने भएका हुन्। स्याङ्जामा पुरुष मतदाताभन्दा महिला मतदाताको सङ्ख्या धेरै रहेको छ। पुरुषभन्दा महिला मतदाता तीन हजार ८८७ जना धेरै रहेका छन्। प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं १ मा एक लाख ३० हजार ८८६ मतदाता रहेका छन्। स्याङ्जा क्षेत्र नं २ मा एक लाख १७ हजार ९३० मतदाता रहेका छन्।

# प्रेस चौतारी पत्रकारिता पुरस्कार रामजीलाई, विष्णुलाई सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, १५ माघ





प्रेस चौतारी नेपाल कास्की शाखाले स्थापना एवं सञ्चालन गरेको प्रेस चौतारी पत्रकारिता पुरस्कार यस वर्ष पत्रकार रामजीप्रसाद लम्सालालाई प्रदान गरिने भएको छ। साथै पत्रकारिता क्षेत्रमै क्रियाशील विष्णुप्रसाद सापकोटालाई चौतारीले सम्मान गर्ने भएको छ।

लम्साललाई पुरस्कृत र सापकोटालाई सम्मान गर्ने गरी प्रतिभा छनोट समितिले गरेको सिफारिस प्रेस चौतारी नेपाल कास्कीको बिहीबार बसेको बैठकले पारित गरेको हो। पूर्वपुरस्कृत एवं अग्रज पत्रकार श्यामनाथ कुँवरको संयोजकत्वमा पूर्वपुरस्कृत पत्रकार खेम सारु र दीपेन्द्र श्रेष्ठ, संगठनका अध्यक्ष मोतिसागर अधिकारी र सचिव अनुप पौडेल पदेन सदस्य रहेको समितिले दुई जनाको नाम सिफारिस गरेको थियो।

आगामी माघ २२ गते संस्थाको २८ औं स्थापना दिवसका अवसरमा दुवैलाई पुरस्कार र सम्मान अर्पण गरिने प्रेस चौतारी कास्कीका अध्यक्ष मोतिसागर अधिकारीले बताए। पुरस्कारको राशि २२ हजार २ सय २२ रुपैयाँ छ। हालको पोखरा महानगरपालिका-३३ भरतपोखरी, डाँडा गाउँका लम्साल २७ वर्षदेखि पत्रकारितामा क्रियाशील छन्। उनले २०५५ सालपुसमा तालनगरी साप्ताहिकबाट पत्रकारिता थालेका थिए। उनीसँग हिमचुली एफएम, पोखरा एफएम, रेडियो बाराही, जनता टेलिभिजनमा काम गरेको अनुभव छ। उनी हाल पोखरा एक्सप्रेस डटकममार्फत पत्रकारितामा सक्रिय छन्। वाणिज्य शास्त्रमा स्नातकोत्तर गरेका लम्साल रसियन भाषा, उद्घोषण, भाषण कला र नेतृत्व विकाससम्बन्धी प्रशिक्षक हुन्। उनलाई नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयले २०७९ सालमा उत्कृष्ट युवा वर्ष पत्रकार सम्मान प्रदान गरेको थियो।

सम्मानित हुन लागेका सापकोटा हालको मादी गाउँपालिका-४, तारकाङ (साविकको थुमाको डाँडा गाविस-७) का स्थायी बासिन्दा हुन्। २०५८ सालमा पत्रकारिता क्षेत्रमा प्रवेश गरेका उनी हाल आदर्श समाज राष्ट्रिय दैनिकमा आबद्ध छन्। मुख्यतः सञ्चारमाध्यमको व्यवस्थापकीय पाटोमा सक्रिय उनलाई सांगठनिक सक्रियता र योगदानको कदर स्वरुप सम्मान गर्न लागिएको हो। उनी प्रेस चौतारी नेपाल कास्कीका पूर्वकोषाध्यक्ष (२०६५ देखि २०६७ सम्म) हुन्। सापकोटा २०७२ सालमा आदर्श समाज दैनिकका उत्कृष्ट कर्मचारी घोषित भएका थिए। उनलाई चलचित्र पत्रकार संघ नेपाल कास्कीले २०८० मा सम्मान गरेको थियो।

प्रेस चौतारी कास्कीले यसअघि राजु भण्डारी, सावित्री खनाल, हुम गुरुङ, मीना गुरुङ र गणेशमान गुरुङलाई संस्थागत योगदानको कदर गर्दै सम्मान गरिसकेको छ। प्रेस चौतारी पत्रकारिता पुरस्कारबाट संस्थापक अध्यक्ष पुण्य पौडेल, माधव शर्मा, रुद्रबहादुर थापा, नवराज सुवेदी, हरि बास्तोला, बद्रीबिनोद प्रतीक, खेम सारु, दुर्गा भण्डारी, निमदत्त सुवेदी, श्रीराम सिग्देल, शान्ति गुरुङ, रामकृष्ण ज्ञवाली, श्यामनाथ कुँवर, दीपेन्द्र श्रेष्ठ, केशव पाठक, सुष्मा पौडेल, माधव बराल र इन्द्रप्रसाद पौडेल पुरस्कृत भइसकेका छन्।

# नेका कास्कीद्धारा निर्वाचन परिचालन समिति गठन

**पोखरापत्र संवाददाता**
पोखरा, १५ माघ

नेपाली कांग्रेस कास्कीले प्रतिनिधि सभा सदस्य निर्वाचनलाई लक्षित गरी तयारी अघि बढाएको छ।

तयारी स्वरूप नेपाली कांग्रेस कास्कीका सभापति किशोरदत्त बरालको संयोजकत्वमा पाँच हजार एक सदस्य रहेको निर्वाचन परिचालन मूल समिति गठन गरेको सहसचिव नवीन सिग्देलले जानकारी दिए। कास्की कांग्रेसको बैठकले बाबुराम गिरीको संयोजकत्वमा ७ सदस्य रहेको निर्वाचन व्यवस्थापन सचिवालय गठन गरेको छ जसको सदस्यहरूमा युवक लामिछाने, रामजीप्रसाद कोइराला, सीता शर्मा, विष्णु अधिकारी, भरतप्रसाद तिवारी र गणेश थापा रहेका छन्।

साथै इन्जिनियर सागर मोहन भट्टराईको संयोजकत्वमा अर्थ समिति गठन गरिएको छ जसको सदस्यहरूमा चौबहादुर गुरुङ, बुद्धिमान गुरुङ, सुरेन्द्र अधिकारी र श्याम गुरुङ रहेका छन्। त्यसैगरी नेपाली कांग्रेस क्षेत्र नम्बर १ कास्कीले चुनावी अभियान अन्तर्गत बिहीबार पोखरा महानगरपालिका वडा नम्बर १३ मा सम्पर्क कार्यालय स्थापना गरेको छ। सम्पर्क कार्यालयको कास्कीको तत्कालीन थुमाकोडाँडा गाविसका पूर्व अध्यक्ष कर्णबहादुर गुरुङले उद्घाटन गरे। कार्यक्रममा बोल्दै कांग्रेसको तर्फबाट कास्की क्षेत्र नम्बर १ का उम्मेदवार तिलक बहादुर रानाभाटले मतदाताबाट प्रेम र सद्भाव पाइहँदा खुसी मिलेको बताए। नेपाली काँग्रेसका केन्द्रीय सदस्य समेत रहेका उनले जनताको बीचमा रहेका समस्या समाधान र विकास योजना आफ्नो प्राथमिकता भएको बताए। नेपाली कांग्रेस कास्कीका सभापति किशोरदत्त बरालले समाजमा रहेका बेथितिहरूको अन्त्य काँग्रेसले मात्रै गर्न सक्ने बताए।

नेपाली कांग्रेस पोखरा महानगरपालिका वडा कार्यसमिति १३ का सभापति माधव प्रसाद सिग्देलको अध्यक्षतामा भएको कार्यक्रममा वडा अध्यक्ष किरण बराल, विद्यार्थी नेता दीपक पौडेल र कार्यसमितिका सचिव बुद्धिराज बरालले बोलेका थिए।

# गुणस्तरीय ...

सरकारले शिक्षालाई दीर्घकालीन सामाजिक रूपान्तरणको मुख्य आधारका रूपमा लिँदै गुणस्तरीय, समावेशी र व्यवहारिक शिक्षामा निरन्तर प्राथमिकता दिँदै आएको बताएका छन्।

मन्त्री थापाले शिक्षक र विद्यार्थीको प्रतिभा पहिचान, क्षमता विकास र प्रोत्साहन नगरी शिक्षा क्षेत्रमा अपेक्षित परिवर्तन सम्भव नहुने बताउँदै भने, "प्रतिभा पहिचान कार्यक्रमले शिक्षक र विद्यार्थीभित्र रहेको सिर्जनशीलता, नवप्रवर्तन र नेतृत्व क्षमतालाई उजागर गर्छ। यसले शिक्षाको गुणस्तर अभिवृद्धि गर्नुका साथै प्रतिस्पर्धी र जिम्मेवार नागरिक उत्पादनमा सहयोग पुऱ्याउँछ।"उनले शिक्षाको उज्यालो बाटोबाटै प्रदेश र राष्ट्रको भविष्य उज्यालो बनाउने प्रदेश सरकारको संकल्प अझ दृढ हुँदै गएको उल्लेख गरे। शिक्षक, विद्यार्थी, अभिभावक तथा शिक्षा क्षेत्रमा क्रियाशील सबै सरोकारवालाको सक्रिय सहभागिता विना शैक्षिक सुधार सम्भव नहुने बताउँदै मन्त्री थापाले सबै पक्षबीच सहकार्य आवश्यक रहेको धारणा राखे। मन्त्री थापाले प्रदेश सरकारले शिक्षा क्षेत्रमा आवश्यक नीति, कार्यक्रम र बजेट व्यवस्थापनमार्फत गुणस्तर सुधारमा निरन्तर काम गरिरहेको जानकारी गराए। आगामी दिनमा प्रविधिमैत्री शिक्षा, सीपमूलक तथा व्यवहारिक शिक्षालाई जोड दिँदै स्थानीय आवश्यकता अनुसारका शैक्षिक कार्यक्रम सञ्चालन गरिने भनाई उनको छ। कार्यक्रममा सहभागी शिक्षक तथा विद्यार्थीहरूले यस्ता प्रतिभा पहिचान कार्यक्रमले आफूहरूको क्षमता पहिचान, आत्मविश्वास वृद्धि र सिर्जनशील अभ्यासमा सहयोग पुगेको अनुभव व्यक्त गरे। उनीहरूले प्रदेश सरकारबाट निरन्तर यस्ता कार्यक्रम सञ्चालन हुनुपर्ने सुझाव पनि दिएका छन्। प्रदेशस्तरीय शिक्षक तथा विद्यार्थी प्रतिभा पहिचान कार्यक्रमले शिक्षाक्षेत्रमा सकारात्मक सन्देश प्रवाह गर्नुका साथै गुणस्तरीय शिक्षाका लागि सामूहिक प्रयासको आवश्यकता औंल्याएको सरोकारवालाहरूको भनाइ छ। यस कार्यक्रमले गण्डकी प्रदेशमा शिक्षाको गुणस्तर उकास्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

# माघ १८ देखि पोखरामा विद्यालयस्तरिय प्रतिभा सुपर लिग क्रिकेट हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १५ माघ

पोखराको प्रतिष्ठित विद्यालय प्रतिभा माध्यमिक विद्यालयको आयोजनामा यही माघ १८ गतेदेखि पोखरामा विद्यालयस्तरिय प्रतिभा सुपर लिग (पिएसएल) क्रिकेट प्रतियोगिता हुने भएको छ।

पोखरा महानगरपालिका क्रिकेट संघको प्राविधिक सहयोग तथा समन्वयमा हुने उक्त प्रतियोगितामा कास्कीका १२ वटा विद्यालय सहभागी हुने भएको विहिबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो।

पोखरा रंगशालास्थित क्रिकेट मैदानमा यही माघ २५ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको प्रतिभा माविका प्राचार्य किरण सापकोटा बताउनु भयो। प्रतियोगितामा आयोजक प्रतिभा मावि सहित कुमुदिनी होम्स मावि, ग्लोबल कलेजियट स्कुल, गुरुकुल विद्यासदन, छोरेपाटन मावि, जनप्रिय मावि, टप्स मावि, डायमण्ड मावि, नेपाल-भारत मैत्री विद्यालय, वाराही मावि, बालमन्दिर मावि र मदरल्याण्ड मावि सहभागी हुने भएको उहाँले जनाउनु भयो।

प्रतियोगिताको ट्रफी पत्रकार सम्मेलनमै सार्वजनिक गरिएको थियो भने सहभागी विद्यालयहरूको समूह विभाजन लक्की ड्रमार्फत गरिएको छ। लिग कम नकआउटका आधारमा खेल हुने भएको छ।

समूह 'ए' मा कुमुदिनी होम्स, छोरेपाटन मावि, टप्स मावि, समूह 'बी' मा जनप्रिय मावि, गुरुकुल विद्यासदन, मदरल्याण्ड मावि, समूह 'सी' प्रतिभा मावि, नेपाल-भारत मैत्री विद्यालय, वाराही मावि, समूह 'डी' मा ग्लोबल कलेजियट स्कुल, डायमण्ड मावि र बालमन्दिर मावि रहेका छन्।

समूह चरणमा प्रत्येक टोलीले आपसमा खेल्नेछन्। प्रत्येक समूहको विजेता सेमीफाइनलमा प्रवेश गर्ने पोखरा महानगर क्रिकेट संघका अध्यक्ष विरेन पुनले बताउनु भयो। उहाँका अनुसार सेमीफाइनलमा समूह 'ए'-'बी' र समूह 'सी'-'डी' का विजेताबीच प्रतिस्पर्धा हुनेछ।

प्रतिभा मावि सञ्चालक समितिका अध्यक्ष नारायणप्रसाद पौडेलले उक्त प्रतियोगिताले विद्यालयस्तरमा क्रिकेटको विकास र खेलाडीको प्रतिभा उजागर गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो "हामी शिक्षासँगै खेलकुद क्षेत्रलाई पनि अघि बढाउन चाहन्छौं, विद्यार्थी खेलाडीलाई प्रतिस्पर्धात्मक वातावरण र एक्सपोजर दिन यो प्रतियोगिता कोशेढुंगा साबित हुनेछ।" अध्यक्ष पौडेल र प्राचार्य सापकोटाले भविष्यमा छात्राको समेत समेटेर क्रिकेट प्रतियोगिता आयोजना गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

प्रतियोगिताको विजेता विद्यालयले नगद ३० हजार रुपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले नगद २० हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र पाउनेछ। त्यस्तै बेस्ट ब्याट्सम्यान, बेस्ट बलर, प्लेयर अफ द सिरिज र प्लेयर अफ द म्याच लाई पनि ट्रफी प्रदान गरिने आयोजकले जनाएको छ।

प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य रविन्सन प्रजू ले निजी क्षेत्रबाट विद्यालयस्तरमा क्रिकेट प्रवर्द्धनका लागि गरिएको प्रयास निकै प्रशंसनीय भएको बताउनुभयो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि

डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि

डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७९५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।

– कालीदास

## सम्पादकीय

# सहिदको देखाएको आदर्श नबिसौं

जहानीया निरंकुश शासनको अन्त्य गर्दै जनतालाई रैतीबाट स्वाभिमानी नागरिक बनाउन आफ्नो प्राण आहुती दिने शहिदहरुलाई संझदा शिर निहुरिन्छ । नेपालमा भएका आन्दोलनमा धेरै पटक जनताले साथ दिएका छन । आन्दोलनमा आफ्नो सुन्दर जीवनको प्रवाह प्राण उत्सर्ग गर्ने शहिदप्रति सबैको श्रद्धा हुने गर्दछ । हुकुमी राणा शासनको विरुद्धमा काम गरेको र जनतालाई प्रजातन्त्रका लागि उक्साएको आरोपमा १९९७ साल माघ १५ गते दशरथ चन्द र गङ्गालाल श्रेष्ठलाई विष्णुमती नदी किनार शोभा भगवती क्षेत्रमा मृत्युदण्ड दिइएको थियो । ज्यानको माया गरेर कायल हुनुभन्दा प्रजातन्त्रका लागि गोली खान तयार भएका उनीहरुलाई पहिले घुँडाभन्दा तल गोली हानिएको थियो । त्यति गर्दा पनि कायल नभएपछि ज्यान जाने गरी गोली ठोकिएको थियो । यस अघि माघ १० गते शुक्रराज शास्त्रीलाई टेकु पचलीमा तथा १३ गते धर्मभक्त माथेमालाई सिफलमा मृत्युदण्ड दिइएको थियो । जहानीया निरंकुश राणा शासनको विरुद्ध वलिवेदीमा चढ्ने वीर शहिदलाई सम्झने गरिएको छ । सरकारले सहिद दिवस विशेष कार्यक्रम गर्ने भएको छ । सहिद गेटमा शहिदहरुप्रति माल्यार्पण र सहिद स्तम्भमा गएर श्रद्धाञ्जली दिने भएको छ । सहिद दिवसमा समारोह गर्ने मन्त्रिपरिषद्ले निर्णय गरिसकेको छ । उनीहरूको जीवन गाथालाई सम्झेमा शहिदको योगदान ताजा बनाउँछ । जस्ले लोकतन्त्र, राजनीतिक स्वतन्त्रता र नागरिक अधिकारका लागि ज्यानको आहुती दिए उनीहरूलाई सहिद घोषणा गरिएको थियो । शहिदलाई सम्मान गर्ने सबैको साझा बनाउन सकेमा शहिद प्रतिको सच्चा श्रद्धाञ्जली हनेछ । आफ्नो देश संस्कृति र अस्तित्वको संरक्षण तथा स्वतन्त्रताको प्राप्तिका निम्ति बलिदान भएर लोक हितमा व्यक्ति अमर हुन्छ । उनीहरुको सम्झनामा शिर निहुराउने अवस्था हरेक वर्ष आउने गर्छ । उनीहरुले पछ्याएको बाटोमा लाग्ने प्रण पनि गर्ने दिन सहिद दिवस हो ।

देश र जनताको हक अधिकार प्राप्तिका लागि आफ्नो जीवन बलिदान दिने सहिदको सम्झनामा सहिद सप्ताह मनाउने गरिएको छ । वि.स. २०१२ देखि माघ १६ गते शहीद दिवस मनाउने थालिएको हो । वि.स. ११९७ मा शुक्रराज शास्त्री माघ १० गते काठमाडौं पचलीमा मृत्यु दण्ड दिइएको थियो । त्यस्तैगरी धर्मभक्त माथेमालाई सिफलमा माघ १३ गते र गंगालाल श्रेष्ठ एवं दशरथ चन्दलाई माघ १५ गते शोभा भगवतीमा तत्कालीन राणा शासकले मृत्यु दण्ड दिएका थिए । तीनै सहिदले जनताको अधिकार प्राप्ति र राष्ट्रिय स्वाभिमानका लागि प्राणको आहुती दिएको हुँदा सहिदको सम्झना सहिद दिवस मनाउने गरिएको हो । सरकारले माघ १६ गते सहिद दिवस मानेर सार्वजनिक विदा दिएको छ । नेपालमा प्रजातन्त्र पुनस्थापनाको लागि भएको आन्दोलनमा धेरैले ज्यान गुमाएका छन् । राणा कांग्रेसको सरकार बनेपनि चिनिया काजीले ज्यान गुमाउनु पर्‍यो । पंचायतीकालरात्रीको बेला धेरैले ज्यान गुमाए २०४६ को प्रजातन्त्र पुनस्थापनाको आन्दोलनमा शाहदत प्राप्त गर्ने १९ जनालाई सहिद घोषणा गरियो । प्रजातन्त्र पुनस्थापना पछि पनि जनताले अधिकार प्राप्तिका लागि आन्दोलन जारी राखे । त्यसबेला पनि शाहदत प्राप्त गर्नेहरुलाई राजनीतिक पार्टीले सहीद मान्न थालेका थिए । राजनैतिक दलले संचालन गरेको आन्दोलन, माओवादीले २०५२ साल फागुन १ गतेदेखि थालेको जनयुद्ध, २०६२/०६३ को आन्दोलन, त्यसपछिका मधेश आन्दोलनमा राज्यबाट मारिएकालाई सहिद घोषणा गर्ने क्रम जारी रहेको छ । थारु आन्दोलन आदीवासी जनजाती आन्दोलनमा शाहदत प्राप्त गरेकालाई सहिद घोषणा गरिएको छ । दोश्रो जनआन्दोलन पछिका सरकारले विभिन्न दलले संचालन गरेका आन्दोलनमा मृत्यु भएकालाई सहिद घोषणा गर्ने र १० लाख रुपैया दिने गरिएको छ । विगतको सरकारले शसस्त्र द्वन्द्वमा मारिएका नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धानमा कार्यरत समेतलाई सहीद घोषणा गरिएको छ । २०८२ भदौ २३ गते नवयुवाले गरेको आन्दोलनमा २१ जनाले गोली लागेर ज्यान गुमाए । २४ गतेको विध्वंस र आगजनीमा परेर र आन्दोलनका नाममा घुसपैठहरुले सुरक्षाकर्मीको हत्या गरे।भदौ २३ र२४ गतेको जेनजी आन्दोलन रका क्रममा ७६ जनाले ज्यान गुमाए।त्यसमध्ये ४५ जनालाई सरकारले सहिद घोषणा गरेको छानेपालमा अझै कति सहीद थपिने हुन टुङ्गो छैन । सरकारले गोली ठोक्ने दस लाख दिने र सहिद घोषणा गर्ने संझौता गर्दै आएको छायो कहाँ पुगेर अन्त्य हुन्छ भन्न सक्ने अवस्था छैन ।

कस्तालाई सहिद मान्ने भन्ने मापदण्ड पनि सरकार पिच्छे फरक फरक बनाउने गरिएको छ । सहीदलाई सस्तो बनाउने र १० लाख रुपैयामा तुलना गर्ने गरिएको छ । देश र जनताका लागि आफ्नो प्राण त्याग गर्ने सहिदलाई राज्यले घोषणा नगरे पनि नेपाली जनताले सम्झने र श्रद्धा गर्ने गरेका थिए । विभिन्न कालखण्डका सरकारले हचुवाको भरमा र सडक आन्दोलन गरेको भरमा सहिदको संख्या बढाउने गरेको छ । राज्य कोषबाट १० लाख लिनकै लागि सहिद घोषणा गरेर सहिदको अवमुल्यन गर्ने गरिएको छ । सारा देशले सहीद प्रति श्रद्धा गर्ने र उनीहरुले आन्दोलनमा पुर्‍याएको योगदानको कदर गर्न सकेमा मात्र सहीद दिवस मनाएको सार्थकता हुनेछ । शहिदको गाथा गाएर नथाक्ने तर शहिदले देखाएको आदर्श विर्सनेहरु शासन सत्तामा रहनेहरुकै कारण जनतामा शासकहरुप्रति विरोध आक्रोश छाराजनितिक परिवर्तन सिमित व्यक्ति र तिनका आफन्तका लागि मात्रै भएको छायुवा देखि प्रौढ समेत विदेश पलायन हुने क्रम रोकिएको छैन । देशका लागि यो सबैभन्दा घातक हो । सहीदप्रतिको सम्मान गर्न आन्दोलन र आन्दोलनका योद्धाहरुलाई विर्सन मिल्दैन । जसले ज्यान दिए, अंग भंग भए, सन्तान गुमाए, टुहुरा भए तिनका बारेमा पनि राज्यले सोच्नुपर्दछ । सहीद, सहीद परिवार र घाइते तथा अपाङ्ग राजनीतिक मुद्धा बनाउनु हुदैन । सहीद, योद्धा, घाइते, अपाङ्ग र सहीद परिवारलाई सम्मान गरे मात्र सहीदहरुप्रति सच्चा सम्मान हुनेछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बड्ने | तुला | : सहयोग मिल्नेछ |
| वृष | : शुभ यात्रा | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : आर्थिक समस्या | मकर | : शारीरिक झमेला |
| सिंह | : शत्रुको भय | कुम्भ | : मानसिक तनाब |
| कन्या | : कार्यमा सफलता | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# अवरुद्ध कागबेनी–मुक्तिनाथ सडकको हिउँ पन्छ्याउन सुरु

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १५ माघ

भारी हिमपातका कारण अवरुद्ध कागबेनी–मुक्तिनाथ सडक खुलाउन पहल थालिएको छ । जिल्ला प्रशासन कार्यालय र वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको समन्वयमा कालीगण्डकी करिडोर (बेनी–जोमसोम–कोरला) सडक आयोजनाको डोजर परिचालन गरी भर्खरै सडक खुलाउने पहल भएको छ ।

वारागुङ मुक्तिक्षेत्र–४ का वडाध्यक्ष कर्माघ्याचो गुरुङको उपस्थितिमा अवरुद्ध कागबेनी–मुक्तिनाथ सडकको हिउँ सफा गर्ने काम सुरु गरिएको छ । यसका लागि आयोजनाको डोजर कागबेनी–मुक्तिनाथ सडकको बाक्लो हिउँ पन्छाउन त्यसतर्फ पुगिसकेको आयोजना प्रमुख तेजस्वी शर्माले जानकारी दिनुभयो । कागबेनी–मुक्तिनाथ सडकखण्ड गण्डकी प्रदेश सरकारअन्तर्गत पूर्वाधार विकास कार्यालयको क्षेत्रअधिकार भित्र रहे पनि कोरला सडक आयोजनाले मुक्तिनाथ दर्शन गर्न जाने दर्शनार्थीको समस्यालाई मध्यनजर गरी आयोजनाले सडकको हिउँ पन्छाउन डोजर पठाइसकेको आयोजना प्रमुख शर्माको भनाइ छ । मङ्गलबारको भारी हिमपातले अवरुद्ध कागबेनी–मुक्तिनाथ सडकको हिउँ पन्छाउन डोजर परिचालन गरिएको वडाध्यक्ष गुरुङले जानकारी दिनुभयो । स्थानीय प्रशासन र गाउँपालिकाको समन्वयमा सडकको डोजरले कागबेनीको पहिलो मोडदेखि सडकको हिउँ पन्छाउन सुरु गरिसकेको वडाध्यक्ष गुरुङको भनाइ छ । कागबेनीदेखि मुक्तिनाथ रानीपौवा बसपार्कसम्म सडकमा बाक्लो हिउँ जमेकाले साँझसम्ममा सडकको हिउँ पन्छाएर यातायात सहज पारिने वडाध्यक्ष गुरुङले बताउनुभयो । अवरुद्ध मुक्तिनाथ सडकको हिउँ पन्छाउने कार्य भर्खरै सुरु भएको उहाँको भनाइ छ । यसअघि भारी हिमपातले अवरुद्ध कागबेनी–मुक्तिनाथ सडकको हिउँ सफा गर्न यहाँस्थित सशस्त्र प्रहरी बल नेपालको टोली बुधबार बिहान खटिएको भए पनि हिमपात नरोकिएका कारण हिउँ पन्छाउन कार्यलाई स्थगित गरेको थियो ।

आज जिल्लास्थित सुरक्षाकर्मीहरूको जनशक्तिले अवरुद्ध सडकको हिउँ पन्छाउन निकै समय लाग्ने भएकाले सडक विभागको डोजर परिचालन गरिएको वारागुङ मुक्तिक्षेत्र–१ का वडाध्यक्ष प्रमेश गुरुङले जानकारी दिनुभयो । भारी हिमपातका कारण मुक्तिनाथ सडक अवरुद्ध हुँदा सयौँ दर्शनार्थी भक्तजन बुधबार बिहानदेखि कागबेनीमा अलपत्र परेका थिए । हिउँ पन्छाएर सडक खुल्ने आशामा बसेका मुक्तिनाथ जाने दर्शनार्थी बुधबारदेखि कागबेनीमै रोकिएका छन् । कतिपय दर्शनार्थी घोडा चढेर मुक्तिनाथ पुगेका छन् । हिमपातका कारण कागबेनी–मुक्तिनाथ सडक अवरुद्ध मुक्तिनाथ मन्दिरसमेत सुनसान बनेको छ । दर्शनार्थी उपस्थित हुन नसकेपछि मुक्तिनाथ मन्दिरको दैनिक क्रियाकलाप नियमित पूजापाठमै सीमित हुन पुगेको छ ।

# शैक्षिक तथा खेलकुद सामग्री सहयोग हस्तान्तरण



**पोखरापत्र संवाददाता**
पोखरा, १५ माघ

प्रेस सेन्टर नेपालको २२ औं स्थापना दिवसको अवसरमा पोखराको एक बिद्यालयलाई शैक्षिक तथा खेलकुद सामाग्रि सहयोग हस्तान्तरण गरिएको छ ।

प्रेस सेन्टर कास्की शाखाको आयोजनामा प्रेस सेन्टर गण्डकी तथा पोखरा महानगर कमिटिको समन्वयमा पोखरा १४–मझेरीपाटनस्थित सहिद स्मृति आवासिय माविमा विहिबार एक समारोहका बिच उक्त सहयोग गरिएको प्रेस सेन्टरले जनाएको छ । विद्यालयमा अध्ययनरत सहिद तथा वेपत्ता एवं विपदमा परेका र स्थानियका छोराछोरीको शैक्षिक तथा खेलकुद विकासमा सहयोग पुर्‍याउने उद्देश्यले सानो सहयोग बिद्यालयमा गरिएको प्रेस सेन्टर कास्कीका अध्यक्ष दिननाथ बरालले जानकारी दिए ।

कार्यक्रममा संविधान सभा सदस्य एवं विद्यालय व्यवस्थापन समितिकी सदस्य तेजकुमारी पौडेलले प्रेस सेन्टर नेपालको स्थापना दिवसको अवसरमा सहिद स्मृति बिद्यालयमा गरिएको सहयोग प्रशंसनिय कार्य भएको बताउदै प्रेस सेन्टर कास्कीलाई धन्यवाद दिइन् । समाजबादी प्रेस संगठनका उपाध्यक्ष श्रीराम सिग्देलले सहिद स्मृति बिद्यालयको शैक्षिक तथा खेलकुदको विकासमा यस्ता सहयोग थप टेवा पुग्ने बताए । प्रेस सेन्टरका केन्द्रीय सदस्य घनश्याम पाण्डेले स्थापनाकालदेखि नै प्रेस सेन्टरले जनपक्षीय भूमिका निर्वाह गर्दै आएको बताए । विद्यालयकी प्रधानाध्यापक कल्पना चिलुवालले विद्यालयमा हाल २ सय जना आवासीय रुपमा बिद्यार्थीहरु अध्ययनरत भएको उल्लेख गर्दै बिद्यालयमा जम्मा ४ सय २० जना बिद्यार्थीहरु रहेको जनाइन् । उनले जनयुद्ध तथा जनआन्दोलनका सहिद, कोभिड महामारी, भूकम्प, बाढी पहिरो जस्ता प्रकोपमा ज्यान गुमाएका तथा उत्पीडित वर्गका अभिभावक तथा स्थानियका छोराछोरीलाई कक्षा १२ सम्म निःशुल्क पठनपाठनको व्यवस्था गरिएको बताइन् ।

माघ १६ गते शहिद दिवसको अवसरमा बिद्यालयमा बृहत शैक्षिक प्रर्दशनी तथा सांस्कृतिक कार्यक्रम एवं फुड फेष्टिबल हुने भएको चिलुवालले जनाइन् । कार्यक्रममा नेपाली कम्यूनिष्ट पार्टीका केन्द्रिय सदस्य राजु क्षत्री, प्रेस स्वतन्त्रता सेनानी पदम रेग्मी, प्रेस सेन्टरका केन्द्रिय सदस्य कृष्ण दवाडी, समाजवादी प्रेस संगठनका केन्द्रीय सदस्य तथा पत्रकार महासंघ गण्डकीका सल्लाहकार गोविन्द सुवेदी, सेन्टरका पूर्व केन्द्रिय सदस्य द्धय सन्देस श्रेष्ठ, रामप्रसाद तिमिल्सिना, फोनिज कास्कीका अध्यक्ष विनु मसराङ्गी थापा, समाजवादी प्रेस संगठन कास्कीका सचिव भिम थापा, प्रेस सेन्टर कास्कीका कोषाध्यक्ष खगेन्द्र अर्याल, सेन्टरका नेता रवि दाहाल, बिद्यार्थीहरु लगायतको सहभागिता रहेको थियो ।

# तनहुँमा निर्वाचनका लागि दुई हजार कर्मचारी परिचालन हुँदै

**पोखरापत्र संवाददाता**
तनहुँ, १५ माघ

प्रतिनिधिसभा सदस्य निर्वाचनमा तनहुँमा दुई हजार कर्मचारी परिचालन हुने भएका छन् ।

जिल्ला प्रशासन कार्यालयले निर्वाचन केन्द्रित जनशक्ति व्यवस्थापन कार्य अन्तिम चरणमा पुगेको बताएको छ । प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीका अनुसार सरकारी सेवाका कर्मचारीलाई मतदान अधिकृत तथा सहायक मतदान अधिकृतका रूपमा पहिलो प्राथमिकता दिइएको छ । अपुग कर्मचारीको परिपूर्ति शिक्षकहरूबाट गरिने छ । यसैगरी, निर्वाचनमा दुई हजार २०० सुरक्षाकर्मी परिचालन गरिने भएको छ । तनहुँमा दुई लाख ५४ हजार ३९७ मतदाता कायम छन् । जिल्ला निर्वाचन कार्यालयका अनुसार एक लाख २३ हजार ४९१ पुरुष र एक लाख ३० हजार ९०६ महिला मतदाता छन् । जिल्लाका १० पालिकामध्ये व्यास नगरपालिकामा सबैभन्दा बढी र देवघाट गाउँपालिकामा सबैभन्दा कम मतदाता छन् ।

दुई प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेको क्षेत्र नम्बर १ मा एक लाख ३६ हजार ११८ र क्षेत्र नम्बर २ मा एक लाख १८ हजार २७९ मतदात छन् । जिल्लामा १४४ मतदानस्थल र ३०९ वटा मतदान केन्द्र कायम भएका निर्वाचन कार्यालयले जनाएको छ ।

# पञ्चैबाजा समूहद्वारा लोकबाजा सङ्ग्रहालय स्थापना

**पोखरापत्र संवाददाता**
म्याग्दी, १५ माघ

मालिका गाउँपालिका–७ बिममा नौमती बाजाघर निर्माण भएको छ ।

मालिका गाउँपालिकाको सहयोगमा दलित पञ्चैबाजा समूहले दुईकोठे बाजाघर निर्माण गरेको हो । समूहका अध्यक्ष रामबहादुर दर्जीले भवनमा लोकबाजा सङ्ग्रहालय स्थापनाका साथै तालिम सञ्चालन गरिने जानकारी दिनुभयो । मालिका गाउँपालिकाले रु सात लाख ७६ हजार अनुदान सहयोग गरेको भवन निर्माणका लागि समूहले देउसीभैलो र चन्दा सङ्कलन गरेर जुटाएको थप रु दुई लाख २३ हजार खर्च भएको उहाँले जानकारी दिनुभयो । बिम–मालिका सङ्घको सहयोगमा २०७७ साल का पहिरोपीडितको लागि एकीकृत बस्ती स्थापनाका लागि खरिद भएको जग्गामा भवन निर्माण भएको हो । भवनको गण्डकी प्रदेश सांसद रेशमबहादुर जुग्जालीले बुधबार उद्घाटन गर्नुभयो ।

# स्कुटर दुर्घटनामा युवतीको मृत्यु

**पोखरापत्र संवाददाता**
दमौली, १५ माघ

पृथ्वीराजमार्गअन्तर्गत म्याग्दे गाउँपालिका–१ गुणादीमा बिहीबार बिहान स्कुटर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । दुर्घटनामा एक जना घाइते भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकका भरतपुर महानगरपालिका–१६ की २७ वर्षीया सुमित्रा थापाको मृत्यु भएको हो । दुर्घटनामा स्कुटर चालक म्याग्दे गाउँपालिका–३ का २७ वर्षीय पुरन मगर घाइते भएका छन् । निजको दमौलीस्थित प्रदेश अस्पतालमा उपचार भइरहेको छ । उनीहरू पोखराबाट दमौली आइरहेका थिए ।

# त्रिवेणी इन्टरनेशनल कलेजको स्नातकोत्तरका नवआगन्तुकलाई अभिमुखीकरण

**पोखरापत्र संवाददाता**
पोखरा, १५ माघ




पोखरा महानगरपालिका–२७, तालचोकस्थितत्रिवेणीइन्टरनेशनल कलेजमा स्नातकोत्तर प्रथम वर्षका नवआगन्तुक विद्यार्थीहरूका लागि एक अभिमुखीकरण कार्यक्रमका साथै स्वागत सम्पन्न भएको छ ।

कलेज सञ्चालक समितिका अध्यक्ष सुमन भट्टराईको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नवप्रवेशी विद्यार्थीहरूलाई आत्मविश्वासको उज्यालो, लक्ष्यप्रतिको दृढता र विवेकपूर्ण मार्गनिर्देशन प्रदान गर्दै प्रमुख आमन्त्रित व्यक्तित्व तथा ग्रीन डेभलपमेन्ट बैंकका कार्यकारी अधिकृत सिइओ हरिबहादुर बुढाथोकीले ज्ञानको औपचारिक ढोका मात्र होइन जीवन बुझ्ने, दृष्टि विस्तार गर्ने र बौद्धिक यात्राको आरम्भका रूपमा उक्त कार्यक्रमले गहिरो सन्देश प्रवाह गरेको वताए । सल्लाहकार बाबुराम गिरीले उप–प्राध्यापकहरुका प्रेरणादायी विचार, अनुभवजन्य सन्देश र जीवनमुखी सुझावहरूले विद्यार्थीहरूमा आफ्नो शैक्षिक यात्रालाई केवल डिग्रीसम्म सीमित नगरी सोच, दृष्टि र चरित्रको रूपान्तरणसँग जोड्नुपर्ने चेतना जागृत गराएको अनुभूति भएको धारणा राखेका थिए ।

क्याम्पस प्रमुख डिल्लीराम पौडेलले सम्पूर्ण नव प्रवेशी विद्यार्थीहरुको समुज्ज्वल शैक्षिक भविष्यको कामना गर्दै स्वागत गरेका थिए । उपप्राध्यापक सुनिलदत्त बरालले सञ्चालन गरेको कार्यक्रममा ३७ नवागन्तुक विद्यार्थीहरूलाई अभिमुखीकरण कार्यक्रमका साथै स्वागत गरिएको थियो ।

# जानकीका विद्यार्थीलाई ईक्रा फाउण्डेशनको सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १५ माघ



जानकी माध्यामिक विद्यालय पोखरा १७ का विद्यार्थीलाई ईक्रा शिक्षा फाउण्डेशनले आर्थिक सहयोग गरेको छ ।

संस्थाले विद्यालयका जेहेन्दार एवम् विपन्न वर्गका २० जना विद्यार्थीलाई जनही दुई हजारका दरले नगद वितरण गरेको हो ।विद्यालयमा बिहीबार आयोजित कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिप्रसाद बास्तोला,इक्रा शिक्षा फाउण्डेशनका केन्द्रीय अध्यक्ष शेख जहागिर, प्रधानाध्यापक अर्जुन कडेल लगायतले विद्यार्थीलाई नगद वितरण गर्दै रकमको सही सदुपयोग गर्न अनुरोध गर्नुभयो । प्रत्येक कक्षाका दुई जनाका दरले आर्थिक सहयोग गरिएको कार्यक्रममा विद्यार्थीहरुले प्राप्त रकम आवश्यक शैक्षिक सामाग्री खरिदमा लागनी गर्ने विश्वास व्यक्त गरेका थिए । विद्यालयमा ३५० जना विद्यार्थी अध्ययनरत छन् । सो संस्थाले पोखरा १७ दोविल्लामा मदसा( विद्यालय) संञ्चालनका लागि आवश्यक जग्गा खरिद गरेर भौतिक संरचना निर्माण गरिरहेको छ । विद्यालयमा नेपाली, अग्रेजी सहित मुस्लिम भाषाको पढाई हुने फाउण्डेशनका अध्यक्ष शेर जहारिले जानकारी दिनुभयो ।

# कास्की क्षेत्र नं १: बदलिरहन्छ परिणाम, कृषि र पर्यटन नै प्रमुख चुनावी मुद्दा

**वासुदेव पौडेल**
गण्डकी, १५ माघ

कास्कीमा तीनवटा प्रतिनिधिसभा निर्वाचन क्षेत्र छन् । तीमध्ये क्षेत्र नं १ लाई परिणाम बदलिइरहने क्षेत्रका रूपमा लिइन्छ । सात तालको वाटिका शहरका रुपमा परिचित पोखरा महानगरपालिकाको लेखनाथ क्षेत्रसहित जिल्लाका पाँच पालिकामध्ये मादी र रुपा गाउँपालिकाको पूरै भाग यस क्षेत्रले समेटेको छ । पोखरा महानगरपालिका- १०, १२, १३, १४, २६, २७, २८, २९, ३०, ३१ र ३२ वडा यस निर्वाचन क्षेत्रमा पर्दछन् ।

यस पटकको निर्वाचनमा यस क्षेत्रबाट १७ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा रहेको निर्वाचन कार्यालय पोखराका सूचना अधिकारी रुद्र न्यौपानेले जानकारी दिनुभयो । यस क्षेत्रमा कुल उम्मेदवारमध्ये १६ जना पुरुष, एक जना महिला रहेका छन् भने जसमध्ये १६ जना राजनीतिक दल र एक जना स्वतन्त्र उम्मेदवार हुन् । कास्की जिल्लाका तीनवटै क्षेत्रमा कुल मतदाता तीन लाख आठ हजार ५७२ रहेकामा निर्वाचन क्षेत्र नं १ मा एक लाख १६ हजार ८७८ जना मतदाता रहेका छन् । यस क्षेत्रमा पर्ने मादी र रूपा गाउँपालिकामा जलविद्युत्, कृषि तथा पर्यटनमा धेरै सम्भावना रहेर पनि त्यसको समुचित उपयोग हुन सकेको छैन भने महानगरका वडाहरूमा पनि अपेक्षित रुपमा विकास हुन सकेको पाइँदैन ।

यहाँ गाउँ पर्यटनका विशिष्ट गन्तव्यहरू सिक्लेस, ताङतिङ, याङ्जाकोट, नागिधार, वारचोक, भाचोक, तप्राङलगायतका पर्यटकीय गन्तव्य रहेका छन् । कास्की र लमजुङको सिमानास्थित तमुहरूको उद्गमस्थल क्होलासोंथर जस्ता ऐतिहासिक गन्तव्यले पनि यहाँको महिमा र गरिमा चुलिएको छ । पदयात्रा पर्यटनमा उत्तिकै महत्वपूर्ण यस क्षेत्रमा मादी गाउँपालिकाको सिक्लेसदेखि मनाङ र लमजुङसम्म, त्यस्तै नागिधार, भाचोक, वारचोक, याङ्जाकोट, ताङतिङदेखि सिक्लेससम्मका पदमार्ग पदयात्रा पर्यटनका गन्तव्य हुन् । यस्तै, सिक्लेस र ताङतिङलगायत स्थानबाट मनाङको तिमाङसम्म जोडिने गुरुङ सम्पदा पदमार्गलगायतले यहाँको पदयात्रा पर्यटनको महत्वलाई अझै उचाइमा पुर्‍याएको पाइन्छ । विश्वकै सबैभन्दा होचो स्थानमा रहेको दाबी गरिने कफुचे हिमताल पनि यहाँको अर्को आकर्षण हो ।

यसैगरी सिक्लेस-सिसाघाट, कसेरी-भैँसे-थुमाकोडाँडा, राखी-मिजुरे-पोसी, सैमराङ-भाचोक-नागिधार-पोसी, काहुँखोला-दूधपोखरी सडक, काहुँखोलादेखिताङतिङलगायतकासडकको स्तरोन्नतिका विषय आसन्न निर्वाचनका लागि मतदाताले उम्मेदवारसँग खोज्ने चुनावी मुद्दा रहेको जानकारहरू बताउँछन् । यहाँका जङ्गलमा पाइने दुर्लभ पाँचऔंले, नीरमसी, सतुवा, वन लसुनजस्ता जडीबुटी पाइने यहाँ लेकाली भेगमा पाइने टुसालाई आम्दानीको महत्वपूर्ण स्रोत बनाउन सकिन्छ । यस्तै, पोखराकै दोस्रो ठूलो बेगनासतालसहित क्षणक्षणमा रुप फेरिरहने रुपातालका साथै दीपाङ्ग, खास्टे, मैदी, न्युरेनी, गुँदे जस्ता तालको पर्यटकीय उपयोग यहाँका सम्भावना हुन् । ऐतिहासिक महत्वको कालिका मन्दिरसहित ठूलाकोट, हंसपुरको स्याक्लुङ्कोट, इन्द्रगुफा, रूपाकोटको चिसापानी, भिरचोक कोट, बराहाथोकको कालभैरव, तल्लो गगनगौंडाका राधाकृष्ण, कालिका मन्दिरलगायतलाई धार्मिक पर्यटकीय गन्तव्य बनाउन सकिन्छ । बेलायती राजकुमार चार्ल्सले पदयात्रा गरेको रोयल ट्रेक र तनहुँ, लमजुङ हुँदै कास्की जोडिने मिर्लुङकोट पदयात्रा मार्ग पनि यसै क्षेत्रको पर्यटकीय गन्तव्य हो । तालबैँसी, खाल्टे खोला, बृदिम, आपुखोला, थुम्सीकोट बैँसीलगायत फाँटमा व्यावसायिक कृषिको विकासका पर्याप्त सम्भावना यस क्षेत्रमा रहेका छन् । शिशुवा देउराली हुँदै सिसाघाट, रूपाकोट थुम्की, सात ताल जोड्ने लिङ्करोड र बेगनास भोर्लेटारलगायतका सडकका स्तरोन्नति र विकासमा सर्वसाधारणले उम्मेदवारसँग प्रतिबद्धता खोज्न सकिने देखिन्छ ।

यसै क्षेत्रबाट यसअघि २०४८ सालमा निर्वाचित भएर नेपाली कांग्रेसका तारानाथ रानाभाटले देशको सभामुखको जिम्मेवारी सम्हालिसक्नुभएको छ । त्यसयता विसं २०५१ मा नेकपा (एमाले) का खगराज अधिकारी, २०५६ मा नेपाली कांग्रेसका रानाभाट दोस्रोपटक विजयी बन्नुभएको थियो । विसं २०६२/२०६३ को लोकतान्त्रिक आन्दोलनपछि विसं २०६४ मा भएको संविधानसभाको पहिलो निर्वाचनमा यस क्षेत्रबाट नेकपा (माओवादी केन्द्र) अर्थात् तत्कालीन नेकपा माओवादीका देव गुरुङ विजयी बन्नुभएको थियो । दुई ठाउँबाट विजयी गुरुङले पछि मनाङ रोज्दा २०६५ सालमा उपनिर्वाचन हुँदा माओवादीकै कृष्णबहादुर गुरुङ निर्वाचित हुनुभएको थियो । विसं २०७० मा भएको संविधानसभाको दोस्रो निर्वाचनमा यस क्षेत्रमा कांग्रेसका यज्ञबहादुर थापा विजयी बन्नुभयो भने २०७४ को प्रतिनिधिसभा निर्वाचनमा एमाले र माओवादी गठबन्धनका खगराज अधिकारी विजयी बन्नुभएको थियो । त्यसपछि विसं २०७९ को निर्वाचनमा एमालेका मनबहादुर गुरुङ विजयी बन्नुभएको थियो ।

एकपछि अर्को निर्वाचनमा फरकफरक दलबाट विजयी हुने भएकाले यस क्षेत्रलाई परिणाम फेरिरहने क्षेत्रका रुपमा लिइन्छ ।

यस पटकको निर्वाचनमा एमालेबाट वैनबहादुर अधिकारी क्षेत्री, कांग्रेसबाट तिलकबहादुर रानाभाट, नेपाली कम्युनिष्ट पार्टीबाट राजकाजी गुरुङ (करण), राष्ट्रिय स्वतन्त्र पार्टीबाट खडकराज पौडेल (गनेश), राप्रपाबाट बाबुराम थापा, उज्यालो नेपाल पार्टीबाट मनीषा द्वालगायत १७ जनाको उम्मेदवारी रहेको छ ।

# क्षेत्रबहादुर कुँवरको 'जीवन कथा' लोकार्पण

**पोखरापत्र संवाददाता**
पोखरा, १५ माघ

पोखरा साहित्यकार एवं शिक्षासेवी क्षेत्रबहादुर कुँवरले अर्को कृति जीवन कथा (भाग-२) पाठकसमक्ष ल्याएका छन् । वसन्तपञ्चमीमा जन्मिएका उनको आफ्नो ८१ औं जन्मदिन अवसरमा आयोजित समारोहमा कृति लोकार्पण गरिएको हो ।

शिक्षासेवी जर्ज जोनको प्रमुख आतिथ्यमा भएको समारोहमा भूगोलविद प्राडा कृष्ण केसी, प्राडा रामनाथ ओझा, नेपाल निवत्तृ शिक्षक समाज केन्द्रीय कार्यसमितिका निवर्तमान वरिष्ठ उपाध्यक्ष तोयनाथ लामिछाने, निवृत्त शिक्षक समुदाय कास्कीका अध्यक्ष छविलाल आचार्य, कृति प्रकाशक पोखरा वाङ्मय प्रतिष्ठानका अध्यक्ष अलौकिक कवि देशभक्त सिंह कुँवर, कलाप्रेमी रामदेवी कुँवरलगायतले संयुक्त लोकार्पण गरेका हुन् । पृथ्वीनारायण क्याम्पसका संस्थापक क्याम्पस प्रमुखसमेत रहेका जर्ज जोनले क्षेत्रबहादुर विद्यार्थीकालमा निकै अध्ययनशील, मेहनती, मिलनसार र सहयोगी भावनाको रहेको बताए । आफूले विगतदेखि नै आदर्श व्यक्तित्वको रुपमा चिन्दै आएको पनि बताए । कृतिको समीक्षा प्राडा रामनाथ ओझाले गरेका हुन् । कार्यक्रममा उनीसहित भूगोलविद् प्राडा केसी, शिक्षक कमलराज ढुंगाना, अम्बिका राणालगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।



कृतिको सम्पादन पत्रकार विजय नेपाल, शिक्षक कमलराज ढुंगाना र देशभक्त सिंह कुँवरले गरेका हुन् ।

सो अवसरमा 'असल बुहारी' को रुपमा पोखरा-१४ का बुहारीहरुलाई सम्मान गरिएको थियो । 'असल बुहारी' सम्मानबाट शोभा कार्की, शकुन्तला कार्की, राधा कार्की, सविता कार्की (टीका), रीता कार्की, गोमा कार्की, शारदा बराल, सावित्रा पोखरेल, चिनु गुरुङ र सुनिता कुँवर सम्मानित भएका हुन । यस्तै, आफ्ना बुवालाई कलेजोदान गरी नयाँ जीवन दिएकोमा 'असल छोरी' सम्मान सम्झौता कुँवरलाई र आफ्नी पत्नीलाई मिर्गौलादान गरेर नयाँ जीवन दिएकोमा 'असल श्रीमान्' सम्मानबाट नारायण कार्की सम्मानित भए । कार्यक्रममा 'मेघा राष्ट्रिय सम्मान' बाट प्राडा रामनाथ ओझा प्रदान गरिएको थियो । पत्रकार विजय नेपाल, शिक्षक कमलराज ढुंगाना, नृत्य निर्देशक सुवास राई, सञ्चारकर्मी तिर्सनालक्ष्मी गुरुङ र सपना कुँवरलाई मेघा प्रशंसापत्र प्रदान गरिएको थियो । प्रतिष्ठान अध्यक्ष अलौकिक कवि देशभक्त सिंह कुँवरको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सञ्चारकर्मी तिर्सनालक्ष्मी गुरुङले गरेकी थिइन् । यसअघि, स्रष्टाको २०७७ को वसन्तपञ्चमीमै जीवन कथा (आत्मकथा) प्रकाशित भएको थियो । त्यसमा केही छुटेका घटनाक्रम, प्रसंग अहिलेको भाग-२ मा समेट्ने प्रयास गरेको स्रष्टा कुँवरले बताए । उनका हालसम्म 'जिन्दगी हाँसो भनेको त आँसु पो रहेछ', 'मनको देश' र 'अलिकति बाँच्न सिक्दा' (कवितासंग्रह) 'संयोग भनौं या भाग्य' (उपन्यास), 'नारी स्वतन्त्रता र त्यसमाथिको बलात्कार' (निबन्धसंग्रह), 'भूमिगत अभिव्यक्ति', क्षेत्रबहादुर कुँवर (जीवनीसंग्रह), जीवन कथा (आत्मकथा) प्रकाशित भइसकेका छन् । नेपाल पत्रकार महासंघ कास्कीका पूर्व उपाध्यक्ष उनी पोखराका विभिन्न स्कुलमा प्रधानाध्यापक एवं अध्यक्ष भई सेवा पनि गरेका छन् । उनी छोरेपाटन मावि, धर्मस्थली निमावि, शुक्रराज बलभद्र माविका पूर्व प्रअ हुन् । साथै, निवृत्त शिक्षकहरुको संस्था निवृत्त शिक्षक समुदाय कास्कीका पूर्व अध्यक्ष पनि हुन् ।

# हिमपातपछि मुक्तिनाथ मन्दिर परिसर सुनसान, कागबेनीमै रोकिए दर्शनार्थी

**सुन्दरकुमार थकाली**
मुस्ताङ, १५ माघ

भारी हिमपातभएपछि यहाँको वारागुङ मुक्तिक्षेत्र–१ स्थित मुक्तिनाथ मन्दिर परिसर सुनसान बनेको छ । हिमपातकै कारण कागबेनी–मुक्तिनाथ सडकखण्ड अवरुद्ध भएपछि प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथ मन्दिर परिसर सुनसान बनेको हो ।

भारी हिमपातका कारण यहाँको कागबेनी–मुक्तिनाथ कालोपत्र सडक बाँक्लो हिउँ जमेका कारण जोमसोमबाट मुक्तिनाथ प्रस्थान गरेका सवारीसाधन बुधबार बिहानबाट माथि उक्लिन सकेका छैनन् । बुधबार बिहान सशस्त्र प्रहरीको टोलीले हिउँ पन्छ्याएरअवरुद्ध सडक खुलाउन पहल गरेपनि थप हिउँ पर्न सक्ने अनुमान कारण हिउँ पन्छ्याउन प्रयास रोकेको थियो । मुक्तिनाथ जाने कागबेनी–मुक्तिनाथ सडक अन्तर्गत कागबेनीको पहिलो मोडदेखि कागबेनी सेल्फी पार्क, कालोभीर, खिङ्गा, झारकोटलगायतकास्थानमा बाँक्लो हिउँ जमेकाले सडकअवरुद्ध बनेको वारागुङ मुक्तिक्षेत्र-१ वडाध्यक्ष प्रमेश गुरुङले जानकारी



दिनुभयो । हिमपातका कारण सडक अवरुद्ध हुँदा कतिपय दर्शनार्थी भक्तजन कागबेनीबाटै घोडा चढेर मुक्तिनाथ गइरहेको वडाध्यक्ष गुरुङको भनाइ छ । यसैगरी हिमपातपछि मुक्तिनाथ मन्दिरमा दर्शनार्थी पर्यटकको आगमनमा समस्या र चुनौती थपिएको मुक्तिनाथ विकास समितिका व्यवस्थापक दिनेश भुसालले जानकारी दिनुभयो । हिमपात अघि दैनिक ५०० भन्दा बढी पर्यटक उपस्थित हुने गरेकोमा बुधबारदेखि भक्तजनको उपस्थित ज्यादै नगण्य रहेको व्यवस्थापक भुसालले उल्लेख गर्नुभयो ।

कागबेनी–मुक्तिनाथ अवरुद्ध सडक सञ्चालनमा नआएसम्म मन्दिरको दैनिक क्रियाकलाप नियमित पूजापाठमै सीमित रहने व्यवस्थापक भुसालले बताउनुभयो ।मङ्गलबार रातिको भारी हिमपातका कारण मुक्तिनाथ क्षेत्र पूरै हिउँले ढाकिएको छ ।

हिमपातका कारण वारागुङ मुक्तिक्षेत्रमा पर्ने झारकोट, खिङ्गा, रानीपौवा बजार, पुराङ, छेङ्गुरलगायतका गाउँ पूरै हिउँले सेताम्मे भएका छन् । मन्दिर परिसर, १०८ धारा, मन्दिर अगाडिको स्नानकुण्डमा पूरै हिउँ जमेका कारण यहाँ जसोतसो दर्शन गर्न आएका भक्तजनलाई पनि स्नान गर्न र मन्दिरको दर्शन गर्न कार्यमा बाधा अवरोध पुर्‍याएको जनाइएको छ । हिमपातपछि चिसो अत्यधिक बढेकाले दर्शनार्थीलाईसमेत लेंक लाग्न सक्ने जोखिम रहेको छ ।

मुस्ताङमा भारी हिमपात भएपछि बुधबारदेखि कागबेनी–कोरला र मुक्तिनाथ सडकखण्ड अवरुद्ध रहेको जिल्ला प्रहरी कार्यालय मुस्ताङले जनाएको छ । यहाँका प्रहरी निरीक्षक सन्तोष बस्यालका अनुसार छुसाङदेखि कोरला सडकसम्म सडकमा दुई फिट बाँक्लो हिउँ जमेकाले सडक अवरुद्ध भएको जानकारी दिनुभयो । हिमपातका कारण सडक अवरुद्ध हुँदा मुक्तिनाथ जाने दर्शनार्थी बुधबार बिहानैदेखि कागबेनीमै रोकिएको उल्लेख गर्नुभयो ।

यसैगरी मौसम खुलेमा कागबेनी–सडक हिउँ पग्लिएर सञ्चालनमा आउन सक्ने प्रहरी निरीक्षक बस्यालको भनाइ छ । हिमपातका कारण माथिल्लो मुस्ताङको जनजीवन प्रभावित बनेको प्रहरी निरीक्षक बस्यालले बताउनुभयो ।

# यस वर्ष पर्वतबाट ३२ करोडको सुन्तला निर्यात

**पोखरापत्र संवाददाता**
पर्वत, १५ माघ

यस वर्ष जिल्लाबाट रु ३२ करोडको सुन्तला निर्यात गरिएको छ । यहाँका विभिन्न स्थानमा उत्पादन भएको सुन्तलाबाट रु ३२ करोड पाँच लाख भित्र्याउन कृषक सफल भएको कृषि विकास कार्यालयले जनाएको छ ।

जिल्लाको सबैभन्दा बढी सुन्तला उत्पादन हुने स्थान बाँसखर्कबाट मात्र रु २० करोडका सुन्तला निर्यात भएको छभने मल्लाजको पूर्णगाउँ, रातमाटा, शालिजा, भोटेडाँडा, मोदी गाउँपालिकाको देउपुर, बाजुङ, चित्रे, फलेवास नगरपालिकाको कुर्घा, पाङराङ, ठानामौला, लिमिठानालगायत स्थानमा उत्पादन भएका सुन्तला जिल्लाबाट अन्यत्र निर्यात गरिएको हो । कार्यालयका अनुसार यस वर्ष तीन हजार ४२१ मेट्रिकटन सुन्तला उत्पादन भएर निर्यात भएको हो । कृषकले प्रतिकिलोग्राम रु ९५ देखि रु १२० सम्म बोटबाटै बिक्री भएको कृषि विकास कार्यलयले जनाएको छ । कार्यालयका सूचना अधिकारी सोविता सुवेदीले पर्वतमा चालु आर्थिक वर्षमा सुन्तला उत्पादन पनि राम्रो भएको र बजार मुल्य पनि राम्रो पाएको जानकारी दिनुभयो । व्यावसायिक रूपमा सुन्तलाखेती गरिरहेका किसान यस वर्ष सुन्तलाको राम्रो मूल्य पाएको भन्दै हर्षित बनेका छन् । गाउँ-गाउँमा सडकको सुविधा पुगेसँगै काठमाडौं, नारायणगढ, पोखरालगायत स्थानबाट व्यापारीले बगानमै आएर सुन्तला लगेका थिए । गाउँमा सडक पुगेपछि आफैँले लगेर काठमाडौं तथा बुटवलका बजारमा बिक्री गर्न पाएको तथा बजारका व्यापारी पनि गाउँमै आएर सुन्ताल किनेर लाने गरेको किसानहरूले बताएका हुन् ।

एउटै टोलबाटै रु एक करोडदेखि रु डेढ करोडसम्म सुन्तला बिक्री गर्न सफल भएको फलेवास नगरपालिका-११ का कृषक रामप्रसाद गौतमले बताउनुभयो । पछिल्लो सुन्तला कृषकलाई प्रोत्साहन दिनका लागि प्रदेश सरकार र स्थानीय तहहरूले पनि विभिन्न सहयोग गर्दै आएका छन् । किसानलाई विभिन्न स्थलगत तालिम दिनेदेखि, गोडमेल गर्ने, चुन, नीलोतुथो जस्ता विषादी पनि दिने गरिएको छ । मध्यपहाडी लोकमार्ग र कालीगण्डकी करिडोर जस्ता राजमार्ग सञ्चालन हुनाका साथै ग्रामीण क्षेत्रसम्म गुणस्तरीय सडक सञ्जाल फैलिएपछि सुन्तला बजारीकरणमा समेत सहज भएको छ । किसानले सुन्तला ग्रेडिङ गरेर जेठी, माइली, कान्छी गरेर बगैँचाबाटै बिक्रीका लागि लाने गरिएको बताएका छन् । यहाँ माघको अन्तिम सातासम्म बोटमै सुन्तला रहने हावापानी भएका कारण पनि सुन्तलाले राम्रो मूल्य पाएको हो । यहाँ ४०० भन्दा बढी किसानले व्यावसायिक सुन्तलाखेती गर्दै आएका छन् । विशेषगरी जलजला गाउँपालिका, फलेवास नगरपालिका र मोदी गाउँपालिकाका विभिन्न वडामा गरी ८३३ हेक्टर क्षेत्रफलमा सुन्तलाखेती हुँदै आएको छ । पछिल्लो वर्षमा सुन्तलाखेतीमा किसानको आकर्षणसमेत बढ्दै गएको छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २७, श्री वीर आधारभूत विद्यालय निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः श्री वीर आधारभूत विद्यालय
ठेगानाः पोखरा-२७
योजना सम्झौता मिति : २०८२/०७/२७ गते
योजना सुरु मितिः २०८२/०७/२८ गते
योजना सम्पन्न हुने मितिः २०८२/११/३० गते
योजना सम्पन्न भएको मितिः २०८२/१०/०५ गते
योजनाको कुल लागतः रु. ५,५६,९५२.४४
महानगरपालिकाबाटः रु. ५,००,०००।-
जनसहभागिताबाटः रु. ५६,९५२.४४
उपभोक्ता समिति अध्यक्षः इन्द्र बहादुर गुरुङ
सम्पर्क नं.: ९८४६१८५०१२
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः २ पुरुषः ५ जना

**विर आधारभूत विद्यालय व्यवस्थापन उपभोक्ता समिति पोखरा-२७**


# म्याग्दीको लुलाङमा एक सातादेखि विद्युत सेवा अवरुद्ध

**पोखरापत्र संवाददाता**
पर्वत, १५ माघ

म्याग्दीको धवलागिरी गाउँपालिका-२ लुलाङ एक हप्तादेखि विद्युत सेवा अवरुद्ध भएको छ ।

दरखोला दोस्रो लघुजलविद्युत परियोजनाको विद्युतगृहका उपकरणमा प्राबिधिक समस्या आएपछि लुलाङ, लमसुङ, खोरीया, मरेनी टोलका बासिन्दा विद्युत सुविधाबाट वञ्जित भएका हुन् । लुलाङ आधारभूत विद्यालयका शिक्षक दर्पण रोकाले विद्युत अभावमा रातका समयमा उज्यालो बनाउन, घरायसी काम, विद्यार्थीहरूलाई पठनपाठन र वडा कार्यालयको सेवा प्रवाहमा समस्या भएको गुनासो गर्नुभयो ।

मोबाइल चार्ज गर्न नपाएर सञ्चार सेवा प्रभावित बनेको छ । साविक लुलाङ गाविसमा तीन सय ७० घरपरिवारले परियोजनाको विद्युत उपभोग गर्दै आएका छन् । गत जेठ महिनामा लुलाङमा केन्द्रिय प्रशारण लाइनको विद्युत सुविधा पुगेको थियो । लघुजलविद्युतको विद्युत भएकाले स्थानीयबासीहरूले घरमा मिटरबक्स जडान र वायरीङ गर्न बेवास्ता गरेका थिए ।

केन्द्रीय लाइनको विद्युत पुगिसकेकाले लघुजलविद्युत परियोजना मर्मत गर्न सरकारको आर्थिक कार्यविधिले नदिने भएकाले नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरेर मिटरबक्स जडान गरि विद्युत विस्तारमापहलगरिएकोधवलागिरी गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले बताउनुभयो । दरखोला लघुजलविद्युत्परियोजनामापटक-पटक समस्या आउन आउने भएकाले विद्युतको दिर्घकालिन समस्या समाधानका लागि केन्द्रिय प्रशारण लाइनको विद्युत जोड्न प्राथमिकता दिएको उपाध्यक्ष पुनले बताउनुभयो । गत जेठमै केन्द्रिय लाइन पुगेपनि खोरिया स्थित नेपाल टेलिकमको मोबाइल टावर सञ्चालन बाहेकको काममा प्रयोग भएको थिएन् ।